April 08, 2026

आकाशवाणी

सुरुमा प्रमुख समाचार

१. सरकारद्वारा आज खरीफ मौसमको लागि पोषणमा आधारित अनुदान दरहरू अनुमोदन

२. भारतले गर्यो अमेरिका र इरानबीच भएको युद्धविरामको स्वागत

३. भोलि केरलम, आसाम र पुडुचेरी विधानसभा सिटका लागि एकै चरणमा मतदान  र

४. आइपीएल क्रिकेटमा, दिल्ली क्यापिटल्सको आज गुजरात टाइटन्स सँग सामना

----------

Cabinet- Nutrient Based Subsidy

सरकारले आज दुई हजार छब्बीस को खरीफ मौसमको लागि फस्फेटिक र पोटासिक मलमा पोषणमा आधारित अनुदान दरहरू अनुमोदन गरेको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले, यो निर्णयले किसानहरूलाई अनुदानित, किफायती र उचित मूल्यमा मलको उपलब्धता सुनिश्चित गर्ने बताउनुभयो।

MEA- US & Iran

भारतले अमेरिका र इरानबीच भएको युद्धविरामको स्वागत गरेको छ। विदेश मन्त्रालयले एक

विज्ञप्तिमा, यसले पश्चिम एसियामा दिगो शान्ति र स्ट्रेट अफ होर्मुजबाट विश्वव्यापी वाणिज्य प्रवाहको नेतृत्व गर्ने आशा व्यक्त गरेको छ। इरानमा रहेको भारतीय दूतावासले, हाल इरानमा रहेका भारतीय नागरिकहरूलाई दूतावाससँग समन्वय गरेर र दूतावासले सुझाव दिएको मार्गहरू प्रयोग गरेर छिटो इरानबाट बाहिर निस्कन र दूतावाससँग पूर्व परामर्श र समन्वय बिना कुनै पनि अन्तर्राष्ट्रिय भूमि सीमामा पुग्ने प्रयास नगर्न सल्लाह दिएको छ। यसैगरी दूतावासले, भारतीय नागरिकहरूलाई आधिकारिक अपडेटहरू निगरानी गरिरहन अनुरोध गरेको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले, भारतले शान्ति र स्थायित्वतर्फ डोऱ्याउने सबै कदमहरूको स्वागत गर्दै, पश्चिम एसियामा भएको यस विकासले युक्रेनमा शान्ति प्रयासलाई पनि प्रोत्साहन गर्ने आशा व्यक्त गरेको भन्नुभएको छ।

## Petroleum-Sujata Sharma

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी सहसचिव सुजाता शर्माले देशभर पर्याप्त मात्रामा एलपीजी, पेट्रोल र डिजेल उपलब्ध रहेको र सामान्य आपूर्ति जारी रहेको बताउनुभयो। उहाँले घरपरिवारमा शतप्रतिशत आपूर्ति सुनिश्चित गर्न घरेलु उपभोक्ताहरूलाई प्राथमिकता दिइएको बताउनुभयो। उहाँले सरकारले पीएनजी जडानहरू विस्तार गरेको र व्यावसायिक एलपीजीको आपूर्तिलाई पनि बढाएको बताउनुभयो।

## Coal- Sanjeev Kumar Kasi

सरकारले आज, देशभरका खानी र विद्युत् प्लान्टहरूमा पर्याप्त कोइला भण्डार उपलब्ध रहेको दाबी गरेको छ। पश्चिम एसियामा हालैका विकासक्रमहरूको बारेमा अन्तर-मन्त्रालयीय ब्रीफिंगलाई सम्बोधन गर्दै कोइला मन्त्रालयका सहसचिव सञ्जीव कुमार कासीले कोइलाको मूल्यमा कुनै वृद्धि नभएको र कोइलाको पर्याप्त भण्डार कायम राखिएको बताउनुभयो।

## State Assembly elections

भोलि केरलमका सबै एक सय चालीस, आसामका एक सय छब्बीस र पुडुचेरीका तीस विधानसभा सिटका लागि एकै चरणमा मतदान हुनेछ। स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न अधिकारीहरूले सुरक्षा र प्रशासनिक उपायहरू कडा पारेका छन्। भोलि पश्चिम बंगालमा दोस्रो तथा अन्तिम चरणको विधानसभा चुनावको लागि मनोनयन दर्ता गर्ने अन्तिम मिति हो। तृणमूल कांग्रेसकी प्रमुख ममता बानर्जीले आज आफ्नो मनोनयन दर्ता गर्नुभयो।

## Puducherry- Int’l Election Visitors’ Programme

निर्वाचन आयोगको अन्तर्राष्ट्रिय निर्वाचन आगन्तुक कार्यक्रम अन्तर्गत छ देशका नौ प्रतिनिधिहरू निर्वाचन प्रक्रिया अवलोकन र अनुभव गर्न पुडुचेरी आइपुगेका छन्। भ्रमण गर्ने देशहरूमा किर्गिस्तान, कोट डी'आइवर, मोल्डोभा, मंगोलिया, गुयाना र भुटान समावेश छन्। प्रतिनिधिहरूले आज इलेक्ट्रोनिक

मतदान मेसिन वितरण केन्द्रहरूको भ्रमण गरे भने, भोलि मतदान व्यवस्था प्रत्यक्ष रूपमा हेर्न चयन गरिएका मतदान केन्द्रहरूको पनि भ्रमण गर्नेछन्। कार्यक्रमले भारतको निर्वाचन ढाँचा, संस्थागत संयन्त्र र सञ्चालन वास्तुकलाको विस्तृत अवलोकन प्रदान गर्नका साथै सहभागीहरूलाई निर्वाचन व्यवस्थापनमा उत्कृष्ट अभ्यासहरू र नवीनताहरूसँग परिचित गराउनेछ।

## PM- Mudra Yojana

प्रधानमन्त्री नरेन्द्र मोदीले युवाहरूमाझ स्वरोजगार प्रवर्द्धन गर्न प्रधानमन्त्री मुद्रा योजना अत्यन्तै लाभदायक साबित भएको बताउनुभएको छ। दुई हजार पन्ध्र मा सुरु गरिएको यस योजनाले आज एघार वर्ष पूरा गरेको छ। श्री मोदीले सामाजिक सञ्जालको एक पोस्टमा, व्यक्तिहरूलाई सही अवसरहरू प्रदान गर्दा उनीहरू आत्मनिर्भर बन्न सक्छन् र राष्ट्रको प्रगतिमा पनि उल्लेखनीय योगदान पुर्‍याउन सक्छन् भन्ने कुरा योजनाको सफलताले देखाएको बताउनुभएको छ। उहाँले प्रधानमन्त्री मुद्रा योजनाले लाखौंलाई सपना देख्ने आत्मविश्वास र त्यसलाई पूरा गर्ने माध्यम प्रदान गरेर ऋणको पहुँचलाई पुन: परिभाषित गरेको छ भन्नुभयो।

## US-Iran ceasefire

संयुक्त राज्य अमेरिका र इरान दुई हप्ताको युद्धविराममा सहमत भएको छ। यो एउटा ठूलो कूटनीतिक सफलता मानिएको छ। मध्यस्थकर्ताहरू मार्फत गरिएको सम्झौतामा दुबै पक्षबाट हमलाहरू तुरुन्तै रोक्न र अन्तर्राष्ट्रिय ढुवानीकोलागि स्ट्रेट अफ होर्मुज पुन: खोल्न आह्वान गरिएको छ। यस घोषणाको केही घण्टा भित्र, तेलको मूल्य, प्रति ब्यारेल करिब एक सय पन्ध्र डलर बाट पन्चानब्बे डलर भन्दा तल तीव्र

रूपमा घटेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वाशिंगटनमा सम्झौताको पुष्टि गर्दै यसलाई विश्व शान्तिको लागि ठूलो दिन र कूटनीतिको जित भन्नुभयो। अर्कोतर्फ, इरानी विदेशमन्त्री अब्बास अराघचीले पनि, यदि इरान विरुद्ध आक्रमणहरू रोकिएमा इरान युद्धविराममा सहमत हुने र दुई हप्ताकोलागि, स्ट्रेट अफ होर्मुजबाट सुरक्षित मार्ग सम्भव हुने घोषणा गर्नुभयो।

**खेल समाचार,**

Gujarat- Commonwealth

Commonwealth खेलकुद महासंघको एक उच्चस्तरीय प्रतिनिधिमण्डल आजदेखि गुजरातको चार दिने भ्रमणमा आएको छ। प्रतिनिधिमण्डल दुई हजार तीस को Commonwealth खेलकुद आयोजनाको लागि राज्यको तयारीको निरीक्षण र अध्ययन गर्न आएको हो। गान्धीनगरमा मुख्यमन्त्री भूपेन्द्र पटेलसँगको भेटपछि आज भ्रमण सुरु भएको हो। टोलीले वीर सावरकर खेलकुद परिसर र अहमदाबादको नरेन्द्र मोदी रंगशाला, ई.के.ए. एरिना, बडोदरा क्रिकेट रंगशाला र स्ट्याचु अफ युनिटी नजिकै एकता नगरमा रहेका सुविधाहरू सहित धेरै प्रमुख खेलकुद स्थलहरूको भ्रमण गर्ने कार्यक्रम छ। प्रतिनिधिमण्डलले यस वर्षको जुलाई देखि अगस्ट दुई सम्म हुने Commonwealth खेलकुदका लागि ग्लासगो भ्रमण गर्न मुख्यमन्त्री भूपेन्द्र पटेललाई आधिकारिक रूपमा आमन्त्रित गरेको छ।

## IPL Cricket

आइपीएल क्रिकेटको चौधौं खेलमा, दिल्ली क्यापिटल्सले दिल्लीको अरुण जेटली स्टेडियममा गुजरात टाइटन्सको सामना गर्नेछ। खेल साँझ सात तीस बजे सुरु हुनेछ।

## Badmintion-Ayush Shetty

भारतीय ब्याडमिन्टन खेलाडी आयुष शेट्टीले चीनको निङ्बोमा भएको ब्याडमिन्टन एसिया च्याम्पियनसिपमा विश्व नम्बर ७ ली शि फेङलाई हराएर आश्चर्यजनक प्रदर्शन गरेका छन्। शेट्टीले क्वार्टरफाइनलमा स्थान बनाउनको लागि ताइवानी खेलाडी ची यु जेनको सामना गर्नेछन्।

आकाशवाणीबाट समाचार पूरा भयो।